निर्णय नं. १

राजश्व परामर्श समितिको वैठकवाट सिफारिस भई आए अनुसार आगामी आ.व. २०७८/७९ आन्तरिक आय संकलन सम्वन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) हाल बिश्वभर फैलिएको कोभिड १९ को महामारीले आर्थिक सामाजिक जीवन अस्तब्यस्त , लकडाउनका कारण नगरबासीहरुलाई धेरै मर्का परेकोले यथाथैतालाई मनन गर्दै आगामी आ.व.को लागि सवैखाले कर, शुल्क, दस्तुर, भाडा आदीको दररेट चालु आ.व.२०७७।०७८ को दरलाई नै यथावत कायम गर्ने ।

(ख) धनकुटा नगरपालिका र माछापुच्छ्रे बैंक लि, शाखा धनकुटा बिच भएको घरभाडा सम्झौताको म्याद यहि मिति २०७८ मंसिर मसान्तमा समाप्त हुने भएको र उक्त बैंकले म्याद थपका लागि निवेदन पेश गरेकोले उल्लेखित म्याद समाप्त हुने मिति देखि ५(पाँच) बर्षको लागि घरभाडा सम्झौताको म्याद थप गर्ने ।

(ग) धनकुटा नगरपालिका धनपा १ स्थित हिले हटिया क्षेत्रको दक्षिण पश्चिममा रहेको स्लटर हाउस भवनको दोश्रो फ्ल्याट र छत समेत लालिगुराँस एफ.एम. धनकुटालाई मासिक ७,०००। भाडा लिई प्रयोग गर्न दिने ।

(घ) धनकुटा न.पा.को आ.व.२०७७।०७८ को सवारी पार्किङ शुल्क संकलन ठेक्का लिने आनन्द निर्माण सेवा, धरान ५ ले २०७७ साल श्रावण र भाद्र पुरा २ महिना भर सार्वजनिक यातायात कोभिड १९ को कारण बन्द हुदा ठेक्कामा घाटा भएकोले क्षतिपुर्ति माग गरेकोले दुई महिनामा उठ्न पर्ने औषत ठेक्का रकमको ७५ प्रतिशतले हुन आउने रकम रु. २,२५,०००। दुईलाख पच्चिस हजार) उक्त संस्थाले ठेक्का बापत बुझाउने अन्तिम किस्तामा मिलान गरि छुट दिने ।

(ङ) देहायका आन्तरिक आय संकलन ठेक्काहरु आगामी आ.व.२०७८।०७९ का लागि निम्नानुसारको न्युनतम ठेक्का अंक कायम गरी तपसील वमोजीमको ठेक्का बन्दोवस्त प्रकृया अगाडी बढाउने ।

| क्र.स. | आय क्षेत्रको नाम, ठेगाना | आ.व.२०७७/०७८ को लागि प्रस्ताबित न्युनतम ठेक्का अंक रु. | आ.व.२०७८/०७९ को लागि प्रस्ताबित न्युनतम ठेक्का अंक रु. | प्रस्ताबित ठेक्का प्रकृया | कैफियत |
|---|---|---|---|---|---|
| १ | सवारी पार्किङ शुल्क संकलन ठेक्का धनपा ७ र १ बसपार्क | १८,००,००० | १८,००,००० | शिवबन्दी बोलपत्र आब्हान | |
| २ | बिहिबारे हटिया ठेक्का,धनपा ५ | ४,००,००० | ४,००,००० | शिलबन्दी बोलपत्र /बार्ता | |
| ३ | हिले हटिया, धनपा १ | ६,५०,००० | ६,५०,००० | शिलबन्दी बोलपत्र /बार्ता | |
| ४ | ढूंगा,गिटी,बालुवा आदी संकलन र बिक्रि गर्ने(फङसुवा,धनकूटे,रूदुवा खोला) | २२,००,००० | २२,००,००० | शिवबन्दी बोलपत्र आब्हान | |
| ५ | बिज्ञापन कर संकलन | ५,००,००० | ५,००,००० | शिवबन्दी बोलपत्र आब्हान | |
| ६ | चमेनागृह, धनपा कार्यालय परिसर | १,२०,००० | १,२०,००० | बार्ता द्वारा | |
| ७ | बहुउदेश्यीय भवन,धनपा ६ सल्लेरी | १,००,००० | १,००,००० | बार्ता द्वारा | |
| ८ | फोहोरमैला ब्यवस्थापन केन्द्र धनपा ६,सल्लेरी बाट संकलन हूने कवाड | ५०,००० | ५०,००० | बार्ता द्वारा | |
| ९. | चुलिबन पार्क पर्यटन शुल्क संकलन | १००००० | १००००० | बार्ता/बोलपत्र | |

(चं धनकुटा नगरपालिकाको चुलिवन क्षेत्रलाई नगरपालिकाले बिगत १० बर्ष देखि क्रमिक रुपमा पर्यटक गन्तब्यको रुपमा बिकास गरिरहेको छ यस क्रममा उक्त क्षेत्रमा भ्यू टावर निर्माण सम्पन्न भई सकेकोले भ्यू टावर सञ्चालन लगायत यस क्षेत्रका समस्या समाधानका लागि सबै सरोकारवालाहरु बीचको

छलफलवाट समस्याको स्थायी समाधान खोजी आगामी आ.व.२०७८।०७९ देखि नगरपालिकाले उक्त पर्यटकिय क्षेत्रलाई निजि क्षेत्र मार्फत सञ्चालन तथा व्यवस्थापन गराई आन्तरिक आय संकलनको ब्यवस्था मिलाउने ।

(छ) धनकुटा नगरपालिका क्षेत्र भित्रका फोङसुवा खोला,माहाङ खोला, धनकुटे खोला र रुदुवा खोलाको प्राकृतिक श्रोत ढुंगा, गिटी, बालुवा, आदी प्रारम्भिक बातावरणीय परिक्षण (Initial Invironmintaal Examination) प्रतिवेदन अनुसार संकलन र बिक्रि गर्ने ठेक्का बन्दोवस्त गर्दै आएकोमा उल्लेखित मध्यको फोङसुवा खोला धनकुटा नगरपालिका र सहिदभुमी गाउपालिकाको सिमानामा पर्ने भएकोले उक्त खोलाबाट कुल रकमको लगभग ३० प्रतिशत रकम हुने प्रप्त हुने भएकोले कुल लागेको ठेक्का रकमबाट प्रदेशमा हुने बाँडफाँडको रकम घटाई बाँकी रहेको रकमको ३० प्रतिशतलाई आधा आधा गर्दा हुन आउने रकम सहिद भुमी गाउ पालिकालाई उपलब्ध गराउने ।

## निर्णय नं.२

हालको कोभिड १९ को विषम परिस्थीतिमा नेपाल सरकारवाट जारी भएका स्वास्थ्य सम्वन्धी प्रोटोकललाई ध्यान दिदै योजना तर्जुमा प्रकृयालाइ संक्षिप्त रुपमा सम्पन्न गर्ने गरी आ.ब.२०७८।०७९ को बार्षिक नीति,कार्यक्रम तथा बजेट तयारी कार्यतालिका निम्नानुसार स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | मुख्य क्रियाकलाप | समय सीमा | गर्नपर्ने कार्यहरू |
|---|---|---|---|
| १ | राजश्व परामर्श समिति बैठक | जेठ २४ गते | • राजश्व नीति, कानुन तर्जुमा, संशोधन, परिमार्जन र परिपालनामा परामर्श गर्ने,<br>• कर, गैर कर, भाडा, सेवा शुल्क, दस्तुर आदीको दर निर्धारण गर्ने,<br>• राजश्वको श्रोत, दायरा तथा दरको विश्लेषण गरि आगामी आ.ब.मा प्राप्त हुन सक्ने आन्तरिक आयको अनुमान गरि नगरपालिकामा सिफरिस गर्ने । |
| २ | श्रोत अनुमान तथा बजेट निर्धारण समिति बैठक | असार ४ गते | • आन्तरिक आय, राजश्व बांडफांड, संघिय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण,आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण<br>• प्रक्षेपित श्रोत र साधनको संतुलित वितरणको खाका तयार गर्ने<br>• बजेटको कुल सिमा निर्धारण गर्ने<br>• बजेट तथा कार्यक्रमको प्राथमिकरणका आधार तयारीगर्ने<br>• विषय क्षेत्रगत बजेट सिलिंग र मार्गदर्शन तयारी गरी नगर कार्यपालिकामा सिफारिस गर्ने |
| ३ | नगर कार्यपालिकाको बैठक | असार ७ गते | • श्रोत अनुमान समितिले पेश गरेको खाकामा छलफल गरि बजेटसीमा, मागदर्शनतथा प्राथमिकिकरणकाआधारहरू स्वीकृतगरिवडातहमापठाउने |
| ४ | बजेट योजना तर्जमा समितिको बैठक | असार ८ गते | • कार्यपालिकाको निर्णय अनुसार वडा समितिहरूलाइ समन्वय र सहजीकरण गर्ने |

| | | | |
|---|---|---|---|
| ५ | वडा समितिको बैठक | असार ८ गते | • नगरपालिकाबाट प्राप्त विषयगतमार्गदर्शन र बजेट सिलिंगमा छलफलगर्ने,<br>• वडा अन्तर्गतका बस्तिहरूमा योजनाछनौटकोमोडालिटीतयार,<br>• बस्तिस्तरका योजना छनोट भेलाकोमिति तयार गरि सूचनागर्ने |
| ६ | टोल, बस्तिस्तरमा योजना पहिचान, प्राथमिकीकरण | असार ८ गते | • वडाका सवै टोलहरूमा योजना छनोटका लागि वडा सदस्यहरूको नेतृत्वमा टोली बनाइ परिचालन गर्ने<br>• बस्तिस्तरमा छनोट भएका कार्यक्रमहरू सूची बनाइ वडा समितिमा पेश गर्ने |
| ७ | वडा समितिले वडासभा गरि वडास्तरिय कार्यक्रम पारित | असार ८ गते | • बस्तिस्तरबाट प्राप्त योजनाहरूको सूचीमाथि छलफल गरि प्राप्त मार्गदर्शन र बजेट सिलिंगको आधारमा कार्यक्रमहरूलाइ विषयगत क्षेत्रमा छुट्याइ प्राथमिकता र बजेट तोकी योजना तर्जुमा समितिमा सिफारिस गर्ने<br>• नगरस्तरबाट संचालन गर्न महत्वपुर्ण योजनाको सूची सिफारिस गर्ने |
| ८ | विषयगत समितका बैठक | असार ९ गते विहान | • नगर स्तरीय येजनामा समावेश गर्नुपर्ने वषयमा सल्लाह सुझाव दिने । |
| ९ | योजना तर्जुमा समितिमा छलफल | असार ९ गते अपरान्ह | • वडाभेलाबाट पारित कार्यक्रमहरू योजना तर्जुमा समितिमा छलफल गरि आगामी आ.ब. को विषय क्षेत्रगत नीति, कार्यक्रम तथा बजेटको मस्योदा तयार गरि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने |
| १० | नगर कार्यपालिकाको बैठक | असार १० गते विहान | • योजना तर्जुमा समितिबाट पेश भएको नीति, कार्यक्रम तथा बजेटमा छलफल, थपघट, संसोधन गरि नगर सभामा पेश गर्ने निर्णय |
| ११ | नगर सभाको बैठक | असार १० गते अपरान्ह | • आगामी आ.ब.को नीति, कार्यक्रम तथा बजेट स्वीकृती |

नोटःहालको कोभिड १९ संक्रमणको विषम परिस्थीतिलाई मध्यनझर गर्दै वाड सभा र टोलस्तरीय वैठक नेपाल सरकारवाट जारी भएका स्वास्थ्य सम्वन्धीप्रोटोकललाई ध्यानदिएर सानो समुहमाछिटो छरितो

**निर्णय नं.३**

आ.व. २०७८/७९को योजना तथा कार्यक्रम तर्जुमाका लागि निम्नानुसारको मार्गदर्शन तथा वजेट सिलिङ्ग स्वीकृत गर्ने निर्णय गरियो ।

(क) स्थानीय सरकार सञ्चालन तथा व्यवस्थापन ऐन,२०७४,नगरपालिकाको बार्षिक योजना तर्जूमा दिग्दर्शन, २०७६, नेपाल सरकार ,प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणको बजेट सिलिंग र मार्गदर्शन तथा विगत बर्षहरुमा भएको स्रोत परिचालनको अवस्थालाई मध्येनजर गरी वडास्तरमा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गर्दै आ.ब. २०७८।०७९ का लागि योजना छनौट गर्न धनकुटा नगरपालिकाबाट सम्पुर्ण वडाहरुलाई निम्नानुसारको वडा स्तरिय वजेट सिलिङ साथै मार्ग दर्शन तयार गरी पठाईएको छ । उक्त मार्गदर्शन र बजेट सिलिंगको सीमा भित्र रहि आआफ्नो वडाको बजेट तथा कार्यकम तयार गरी संलग्न समय सीमा भित्र धनकुटा नगरकार्यपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्ने छ ।

(ख) वडास्तरमा कार्यक्रमहरु संचालन गर्नका लागि प्रत्येक वडाको भौगोलिक क्षेत्रफल, विकासको स्तर, त्यस वडाको जनसंख्या, नगरपालिकाको आन्तरिक आयमा गरेको योगदान र गरिवीको अवस्था र वजेटको आधारमा गत वर्ष उपलब्ध गराएको सिलिङ्गमा ५० प्रतिशत रकम घटाईएको छ । सिलिङ्गमा प्राप्त रकमवाट वडाले योजना वनाउदा ७० प्रतिशत पूर्वाधार विकास र ३० प्रतिशत सामाजिक समावेशी विकासका योजना हुने गरी तर्जुमा गर्नू पर्ने छ ।

**वडागत रुपमा उपलब्ध रहने पू.जिगत रकमको सिलिङ्ग**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रकम (जारमा) | ३० | २५ | २२.५ | २२.५ | २२.५ | २५ | २५ | २५ | २५ | २२.५ |

**वडागत रुपमा उपलब्ध रहने पू.जिगत रकमको सिलिङ्ग**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रकम (जारमा) | ५.१ | ४.१ | ४.१ | ४.१ | ४.१ | ४.१ | ४.१ | ४.१ | ४.१ | ४.१ |

(ग) उल्लेखित बजेटबाट संचालन गरिने भौतिक पूर्वाधार तर्फ कम्तिमा एक वटा योजना ५ लाख लगानी हुने गरी अनिबार्य छनौट गर्नु पर्ने र बांकी योजनाहरु कम्तिमा १ लाख भन्दा माथि लगानी हुने गरी छनौट गर्नुपर्ने छ ।

(घ) लक्षित तथा अन्य सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरुको हकमा ५० हजार भन्दा कम नहुने गरि कार्यकम छनौट गर्नुपर्ने छ ।

(ङ) सडक सम्बन्धी योजनाहरु भएमा नयां ट्रयाक खोल्ने कार्यलाई भन्दा सडकस्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने छ ।

(च) योजना प्रथमिकिकरण गर्दा निम्न आधारलाई लिनु पर्ने छ ।

- कोभिड–१९ को नियन्त्रण, रोगथाममा सहयोग पुग्ने कार्यक्रम, कोभिड–१९ बाट विस्तापित तथा समस्यामा परेका जनताको जीवनस्तर सुधारमा सहयोग पुर्याउने योजनाहरु वाझोरहेको जग्गामा खेती गर्ने कृषि उत्पादन वढाउने, पशुपंक्षी पालनमा वढावादिने योजना ।
- आर्थिक विकास तथा गरिवी न्यूनीकरणमा सहयोग पुर्याउने ।
- उत्पादनमूलक छिटो प्रतिफलदिने योजनाहरु ।
- राजश्व अभिवृद्धिमा सहयोग पुर्याउने योजना ।
- सेवा प्रवाह र सुशासन कायम गर्न सहयोग पुर्याउने योजना ।
- स्थानीय स्रोत साधनमा आधारित र जनसहभागिता वढ्ने र शैक्षिक विकासमा योगदान दिने र निरक्षता उन्मुलन हुने योजना ।
- लैङ्गिक विकास र सामाजिक समावेशिकरण अभिवृद्धि गर्ने योजना ।
- दीगो विकास, वातावरण संरक्षण, जलवायु अनुकुलन, विपद जोखिम व्यवस्थापन, प्रकोप व्यवस्थापन सहयोग पुग्ने योजना ।
- फोहर मैला व्यवस्थापन गर्ने योजना ।
- पर्यटन संस्कृती कला साहित्यको जगेर्ना तथा विकास र संरक्षणमा योगदान पुर्याउने ।
- वडाले आवश्यक देखेका र संभाव्य योजना ।

(छ) वडालाई उपलब्ध गराएको पूँजीगत वजेट सिलिङ्गबाट आर्थिक सहायता बाड्न नपाउने हुनाले आर्थिक सहायतालाई एकद्धार प्रणाली अन्तर्गत नगरपालिकाबाट मात्र दिने व्यवस्थालाई कडाइका साथ पालना

गरी आर्थिक अनुशासनलाई पालना गर्ने वडाबाट आर्थिक सहायता दिनु पर्ने भएमा नगरमा सिफारिस गरी पठाउने ।

(ज) आइरहेको वर्षादलाई मध्ये नजर गर्दै सवै वडाहरुले आ–आफ्नो वडाभित्रका सडक सरसफाई, पहिरो पन्छाउने, सानातिना मर्मत संभार त्रिपाल वितरण जस्ता कार्यका लागि अनिवार्य रुपमा मर्मत संभारका लागि वजेट व्यवस्था गर्ने ।

(झ) आ–आफ्नो वजेट सिलिङ्ग भित्रका योजना र नगरलाई सिफारिस गरिएका योजनाको Soft copy र हार्ड कपी २०७८।३।९ गते विहान ८.०० वजे भित्रमा नगरमा उपलब्ध गराउनु पर्ने छ ।

<u>निर्णय नं.४</u>

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२२५२२ न्यायिक समिति,मेलमिलाप समिति र प्रशासनीक खर्च समेत शीर्षकमा स्वीकृत रकमवाट निम्न योजना तथा कार्यक्रमका लागि निम्नानुसारको रकम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) वाल पुनर्स्थापना केन्द्र व्यवस्थापन रु २०००००.०

(ख) अमर ज्योती प्रा.वि. माहाङ्ग धनपा ९ रु १५००००.०

(ग) गाई प्रवर्धन कार्यक्रम साझेदारी धनपा ६ रु २०००००.०

<u>निर्णय नं.५</u>

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२२५२२ मेयर कप खेलकुद प्रतियोगिता शीर्षकमा स्वीकृत रकमवाट निम्न योजना तथा कार्यक्रमका लागि निम्नानुसारको रकम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) कार्यालयको सिढि माथी छानो लगाउने कार्य रु ५००००.०

(ख) देउराली मा.वि. धनपा ८ को ग्राउण्ड खार्दा वालकुमारी राईको घरलाई पुगेको क्षती रोगथाम गर्न वाल निर्माण रु ५००००.०

(ग) झमक घिमिरेको घर जाने सडक सरसफाई धनपा ६ रु २२०००.०

<u>निर्णय नं.६</u>

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२८२१९ अन्य फिर्ता शीर्षकमा स्वीकृत रकमवाट सल्लेरी आधारभूत विधालय शैक्षिक व्यवस्थापन कार्यक्रमका लागि रु २०००००.० उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.७</u>

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२२५२२ अन्य खेलकुद प्रतियोगिता शीर्षकमा स्वीकृत रकमवाट धनकुटा वोर्डिङ्ग देवानटार सडक स्तरोननतिका लागि रु १०००००.० उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.८</u>

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२२२२१ निर्मित सार्वजनिक सम्पतीको मर्मत संभार शीर्षकमा स्वीकृत रकमवाट निम्न योजना तथा कार्यक्रमका लागि निम्नानुसारको रकम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) चञ्चलादेवी प्रा.वि. शैक्षिक व्यवस्थापन रु १५००००.०

(ख) विहिवारेहाट मालवासे सडक सरसफाई रु २२०००.०

(ग) धर्मशाला पात्ले सडक स्तरोन्नति धनपा १० रु २,१०,०००.०

(घ) मालवासे खेल मैदान निर्माण ध.न.पा. ३ रु १,५०,०००.०

<u>निर्णय नं.९</u>

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२२५२२ भिमनारायण कप शीर्षकमा स्वीकृत रकमवाट UNDP को सहयोगमा सञ्चालनमा रहेको Covid 19 response and Socio economic recovery project साझेदारीअन्तर्गत प्लाष्टिक टनेल खरिदका लागि रु ४,५०,०००.० उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

निर्णय नं.९

धनकुटा नगरपालिका पदपूर्ति समितिको २०७८ असार १ गतेको वैठकबाट स्थायी नियुक्तिका लागि आर्थिक विकास शाखाको अधिकृत पदमा सिफारिस भएका विकास अधिकारी धनकुटा नगरपालिका- ५ लाई स्थायी नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं.१०

धनकुटा नगरपालिका (कार्य विभाजन) नियमावली, २०७५ को अनुसूची–१ अनुसार आर्थिक विकास शाखामा कार्यरत अधिकृत पदको पदनाम आर्थिक विकास अधिकृत स्वीकृत गरी अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.११

चालु आ.व.को स्वीकृत कार्यक्रम व.शी.न.२२५२२ नीतिगत, प्रशासनिक तथा व्यवस्थापन खर्च शीर्षकमा स्वीकृत रु १०००००.० र व.शी.न.२२५२२ सुधारिएको चुल्हो (वायोमास) प्रविधि जडान शीर्षकमा स्वीकृत रु २०००००.० गरी जम्मा ३०००००.० रकम व.शी.न.२२५२२ वायो ग्यास जडान शीर्षकमा थप गरी उक्त शिर्षकमा ५००००० कायम गर्ने र सो रकमवाट निम्नानुसार वायो ग्यास जडान गर्ने फर्म/व्यक्तिलाई ५००००.० का दरले उपलव्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| (क) शिशिर एकीकृत कृषि फर्म भिमा खनाल धनकुटा नगरपालिका ६ | रु ५०,०००/- |
| (ख) निलगिरी एकीकृत कृषि नर्सरी विष्णु कार्की धनकुटा नगरपालिका ३ | रु ५०,०००/- |
| (ग) सञ्जिव घिमिरे धनकुटा नगरपालिका १ | रु ५०,०००/- |
| (घ) दिपक घिमिरे धनकुटा नगरपालिका १ | रु ५०,०००/- |
| (ङ) मोहन वहादुर घिमिरे धनकुटा नगरपालिका १ | रु ५०,०००/- |
| (च) लक्ष्मी गाई फर्म मेनुका कार्की धनकुटा नगरपालिका ६ | रु ५०,०००/- |
| (छ) कल्पना वुढाथोकी धनकुटा नगरपालिका ६ | रु ५०,०००/- |
| (ज) पार्वती कोईराला धनकुटा नगरपालिका ६ | रु ५०,०००/- |
| (झ) गणेश सुवेदी धनकुटा नगरपालिका २ | रु ५०,०००/- |
| (ञ) सुनिता कार्की धनकुटा नगरपालिका ३ | रु ५०,०००/- |